
# विदेशी घरेलु सहयोगीहरू (एफडीएचएस)




## हङकङ र मानक रोजगार करारनामा (एसइसी) को व्यवस्था अन्तरगत, तपाईं निम्न कुराहरुको हकदार हुनुहुन्छ

- हरेक सात दिनको अवधिमा कम्तीमा पनि एक दिनको आराम विदा र वैधानिक बिदाहरूका साथै तलबी वार्षिक बिदा। रोजगारदाताहरूले तपाइँको आराम दिनमा तपाइँलाई काम गराउन वा तपाईंलाई एक वैधानिक छुट्टीको बदलामा भुक्तान दिने भनेर कुनै पनि काम गराउन पाउने छैनन्।
- ज्याला एसइसीमा निर्दिस्ट गरिएको छ र ज्याला दिने दिनको वा एसइसीको मिति समापन हुने बढीमा 7 दिन भित्रै दिनुपर्नेछ। करारको तलब पनि एसइसी हस्ताक्षर भएको अवधिमा भएअनुसारको न्यूनतम ज्याला भन्दा कम हुन हुँदैन।
- निःशुल्क खाना (वा सट्टामा पाउने खाना भत्ता), रोजगारदाताकै आवासमा पर्याप्त र उचित गोपनियता सहितको आवास सुविधा, नि: शुल्क चिकित्सा उपचार र आफ्नो सम्झौता पूरा / समापन भएपछि आफ्नो मूल ठाउँमा फर्कनका लागि स्वतन्त्र बाटो उपलब्ध हुनेछ।



## ऐक रोजगार एजेन्सीसंग व्यवहार गर्दा (ईए), तपाईंले निम्न कुरा गर्नुपर्छ

- ईएको ईए लाइसेन्स हङकङ विशेष प्रशासनिक क्षेत्र (एचकेएसएआर) सरकार द्वारा जारी गरिएको छ भन्ने निश्चित गर्नुहोस्। ईए लाइसेन्स छ कि छैन भनेर कर्मचारीलाई देखाउन लगाउनुहोस् वा ईए लाईसेन्सवाला छ कि छैन भनेर अनलाईनमा जाँच गर्नुहोस्।
- काम गर्ने निर्णयको हस्ताक्षर गर्नु अघि एसइसीमा उल्लेखित सबै सामग्रीहरू र सेवाहरू बुझ्नुभएको छ भन्ने पुष्टि  गर्नुहोस्। आफ्नो हस्ताक्षर भएको रोजगार सम्झौताको मूल प्रतिलिपि राख्नुहोस्।
- ईएलाई दिनुपर्ने निर्धारित दस्तुरी (आफ्नो पहिलो महिनाको ज्यालाको अधिकतम 10 प्रतिशत छ) तपाईंले आफ्नो पहिलो महिनाको ज्याला पाएपछि मात्र दिनुहोस्। तपाईंले कुनै पनि भुक्तानी गर्नासाथ इएबाट उक्त भुक्तानी भएको एक रसिद लिन नबिर्सनुहोस्।
- आफ्नो व्यक्तिगत पहिचान कागजातहरू (जस्तै हङकङ पहिचान कार्ड र पासपोर्ट) र आफ्ना सामानहरू (उदाहरणको लागि बैंक कार्डहरू) आफूसँगै राख्नुहोस्। चाहे तपाईंको रोजगारदाता होस् वा चाहे इएको कुनै कर्मचारी, अन्य कुनै व्यक्तिले तपाईंका यी कागजात माग्न वा उनीहरूका लागि भनेर राख्न पाउने छैनन्।

## आफ्नो अधिकार उल्लङ्घन भएमा, तपाईंले यी कुराहरू गर्नुपर्छ

- तपाईं यदि शारीरिक दुर्व्यवहारको शिकार हुनु भयो वा आफ्नो व्यक्तिगत सुरक्षा जोखिममा छ जस्तो भयो भने सहायताको लागि तुरुन्तै प्रहरी आपतकालीन हटलाइन "999"  मा कल गर्नुहोस्।
- तपाइँले आफ्नो ज्याला पाउनु भएन वा तपाइँको रोजगार अधिकार उल्लंघन भएमा श्रम विभागको 24 घण्टे हटलाइन "2157 9537" मा फोन गर्नुहोस् वा निरीक्षण र सहायताको लागि कार्यालय समयको बेला श्रम विभाग अन्तर्गत श्रम सम्बन्ध विभागको उपयुक्त शाखा कार्यालय जानुहोस्।




# विदेशी घरेलु सहयोगीहरूले (एफडीएचहरूले)






## रोजगारको समयमा, तपाइँले

- एसइसीमा उल्लेख भएभन्दा बाहेकको ठाउँमा बस्न वा आफ्नो रोजगारदाताभन्दा बाहेकको अरू कोहीसँग पनि काम गर्न पाउनुहुने छैन।
- आफूले ज्याला पाउनुअघि कुनै पनि किसिमका रसिद वा तलब विवरणमा हस्ताक्षर नगर्नुहोस्।

## एक इएसँग व्यवहार गर्नुअघि, तपाइँले

- निर्धारित गरिएको दस्तुरी बाहेक, ईएलाई, कुनै पनि व्यय वा शुल्क जस्तै दर्ता शुल्क, आरक्षण शुल्क र फोटोकपी शुल्क जस्ता कुनै पनि शुल्क भुक्तानी गर्न हुँदैन।
- ईएद्वारा सुझाव वा अनुरोध गरिएको भएमा पनि, कुनै पनि भुक्तानी तेस्रो पक्ष मार्फत वा कुनै पनि वित्तीय सेवा कम्पनीहरुबट उधारो लिएर ईएलाई तिर्नु हुँदैन।



## सबै समयमा, तपाइँले

- तपाईले कुनै पनि सर्तहरू बुझ्नु भएको वा अर्थ थाहा पाउनु भएको छैन भने कुनै पनि कागजात तथा सम्झौतामा हस्ताक्षर नगर्नुहोस् वा कुनै व्यक्ति वा संगठन (तपाईंको कर्मचारी वा ईए नै भएपनि) सँग कुनै सम्झौता नगर्नुहोस्।
- आफ्नो एसइसीमा (आफ्नो ज्याला र काम ठेगाना जस्ता) कुनै पनि गलत जानकारी प्रदान नगर्नुहोस् । यस्तो गरेमा तपाईं यसका लागि आपराधिक कामको उत्तरदायी हुन सक्नुहुनेछ।






थप जानकारीको लागि, कृपया आफ्ना जिज्ञासाहरु सम्बन्धि एजेन्सीहरूसँग सोध्नुहोस् वा तलका वेबसाइटहरूमा जानुहोस्:

| विभाग | क्षेत्र | हटलाइनहरु | वेबसाइटहरू |
|---|---|---|---|
| श्रम विभाग | विदेशी घरेलु सहयोगीको अधिकार र श्रम कानून | 2717 1771 (हटलाइन “1823” ले सम्हाल्छ) | www.fdh.labour.gov.hk |
| | FDHs को निम्ति समर्पित हटलाइन | 2157 9537 (हटलाइन “1823” ले सम्हाल्छ) | |
| | ईए लाइसेन्स र निर्धारित कमिशन/शुल्क | 2115 3667 | www.eaa.labour.gov.hk |
| अध्यागमन विभाग | विदेशी घरेलु सहयोगी (एफडीएच) भिसा | 2824 6111 | www.immd.gov.hk/eng/services/visas/foreign_domestic_helpers.html |
| भन्सार र उत्पादन शुल्क विभाग | व्यापार विवरण अध्यादेश द्वारा निषेधित अन्यायपूर्ण व्यापार अभ्यासहरू | 2815 7711 | www.customs.gov.hk |
| उपभोक्ता परिषद | उपभोक्ता विवाद | 2929 2222 | www.consumer.org.hk |
| हङकङ प्रहरी बल | आपतकालीन अवस्थाका लागि | 999 | |

勞工處
Labour Department

草日漫畫製作

1/2022

勞工處
Labour Department




यो पुस्तिकाले विदेशी घरेलू सहयोगीहरु, रोजगारदाताहरू र रोजगार दिने एजेन्सीहरूले विदेशी घरेलू सहयोगीहरूलाई रोजगार दिने सम्बन्धमा द्रुत सन्दर्भ प्रदान गर्ने लक्ष्य लिएको छ। रोजगारीको अवस्थामा विवरण र कानुनी प्रावधानको विस्तृत विवरणका लागि विदेशी घरेलू सहयोगीहरू, रोजगारदाताहरू र रोजगार एजेन्सीहरूले मानक रोजगार सम्झौता (आइडी 407) र रोजगार अध्यादेशको सन्दर्भ लिनु वा उल्लेख गर्नुपर्नेछ। यो पुस्तिकामा उल्लेख भएका प्रावधानहरुमा रोजगार अध्यादेशको एकमात्र अधिकार रहन्छ र व्यवस्था वा कानूनको व्याख्याको अधिकार अदालतसँग सम्बद्ध छ।

Nepali Version 尼泊爾文版本

# एफडीएच (विदेशी घरेलु सहयोगी) हरूका रोजगारदाताहरु




## हङकङ र मानक रोजगार करारनामा (एसइसी) को व्यवस्था अन्तर्गत, तपाईंले निम्न कुरा गर्नुपर्छ

- यो एसइसीमा निर्दिष्ट भएअनुसारको पूर्ण ज्याला समयमा आफ्नो विदशी घरेलु सहयोगीलाई भुक्तानी गर्नुहोस्। सम्झौता भएको तलब एसइसी हस्ताक्षर भएको अवधिमा भएअनुसारको न्यूनतम ज्याला भन्दा कम हुन हुँदैन।
- विदशी घरेलु सहयोगीसँग कामको अवधीभर दिइने निःशुल्क खानाबारे सम्झौता गर्नुहोस् र यस्तो सम्झौता निर्दिष्ट गर्नुहोस्। छैन भने, विदशी घरेलु सहयोगीलाई दिइने खाना भत्ता एसइसी हस्ताक्षर भएको अवधिमा भएअनुसारको न्यूनतम भन्दा कम हुन हुँदैन।



- हरेक सात दिनको अवधिमा आफ्नो विदशी घरेलु सहयोगीलाई कम्तीमा पनि एक दिनको आराम विदा दिनुहोस् ।
- आफ्नो विदशी घरेलु सहयोगीका उसको कामका वषकोर् अवधि हेरेर उसका लागि वैधानिक बिदाहरू लिने व्यवस्था मिलाइदिनुहोस् । यदि तपाइँको विदशी घरेलु सहयोगीले काम गरेको 3 महिना पुगिसकेको छ भने उ यो तलबी विदाका लाथि योग्य ठहरिनेछ।



- आफ्नो विदशी घरेलु सहयोगीलाई पर्याप्त र उचित गोपनियताका सहितको आवास सुविधा उपलब्ध गराउनुहोस्।
- आफ्नो विदशी घरेलु सहयोगीलाई चिकित्सा उपचार, प्रासंगिक दूतावास द्वारा लिइने प्रमाणीकरण शुल्क, भिसा शुल्क, बीमा शुल्क, प्रशासन शुल्क, वा फिलिपिन्स प्रवासी रोजगार प्रशासन शुल्क जस्ता र प्रासंगिक सरकार अधिकारीहरूले लगाएको यस्तै प्रकृतिका अन्य शुल्क रूपमा सबै आवश्यक कागजात प्राप्त लिनका लागि लाग्ने शुल्क आफूले दिनुहोस्।



# नियुक्त एजन्सीहरु (इएहरु)




ईएहरूले सबै समय मा "रोजगार एजेन्सीहरूका लागि अभ्यास कोड" को पालना गर्नु पर्छ।

## विदेशी घरेलु सहयोगीहरूसँग सम्झौता गर्दा इएका अनुमति पाएका (लाइसेन्सधारी) हरु र कर्मचारीहरूले निम्न कुरा गर्नुपर्छः

- नियुक्तिको रेकर्ड राख्नुहोस्। विदेशी घरेलु सहयोगीहरुलाई कुनै पनि किसिमका भुक्तानीका लागि यथाशक्य चाँडो रसिद उपलब्ध गराउनुहोस् र रेकर्डका लागि रसिदको प्रतिलिपि राख्नुहोस्।
- विदेशी घरेलु सहयोगीहरुलाई हङकङमा काम गर्दा उनीहरुको वैधानिक अधिकार र प्रतिकार खोजिरहेका बेलामा आवश्यक गर्ने सुरक्षा निकायहरुका बारेमा स्पष्ट व्याख्या गर्नुहोस्। विदेशी घरेलु सहयोगीहरूमाथि कुनै किसिमले शोषण भएको वा मापदण्ड भन्दा कम भुक्तान गरेको वा आराम विदा र अन्य छुट्टी नदिइएको जस्तो लागेमा उनीहरुलाई सम्बन्धित र सान्दर्भिक सरकारी विभागहरुदेखि सहायता खोज्न आवश्यकता परेको बेलामा उनीहरूलाई निर्देशन र सल्लाह दिनुहोस्।



## रोजगारदाताहरूसँग सम्झौता गर्दा इएका अनुमति पाएका (लाइसेन्सधारी) हरु र कर्मचारीहरूले निम्न कुरा गर्नुपर्छः

- रोजगारदाताहरूलाई सही जानकारी र सल्लाह उपलब्ध गराउनुका साथै उनीहरूलाई प्रासंगिक कानूनको प्रावधान (रोजगार अध्यादेश, कर्मचारीहरु क्षतिपुर्ति अध्यादेश र अध्यागमन अध्यादेश सहित) र मानक रोजगार करारनामा (एसइसी) (न्यूनतम उपयोगी ज्याला, आराम दिन, वैधानिक बिदा, वार्षिक बिदा, रोग भत्ता र ज्याला भुक्तानीसहित) का बारेमा राम्रो व्याख्या गर्नुपर्छ।
- रोजगारदाताहरूलाई कुनै पनि सेवा प्रदान गर्नु अघि, उनीहरूलाई एजेन्सीले समावेह गर्ने सेवाहरू, लिने शुल्क, ग्यारेन्टी अवधि, रकम फिर्ता नीति, आदिका बारेमा राम्ररी व्याख्या गर्ने र उनीरूलाई लिखित सेवा सम्झौतामा संलग्न गराउने। सम्भाव्य उम्मेदवार पहिचान भएपछि विदेशी घरेलु सहयोगीका बारेमा जानकारी दिने। यसका साथै यदि उक्त विदेशी घरेलु सहयोगीले काम सुरू गर्ने मिति र उसका लागि गरिएका व्यवस्थाहरूका बारेमा पनि जानकारी दिने। यदि उक्त सहयोगी रोजगारदाताले भनेको काममा उपस्थित हुन नसक्ने अवस्था छ भने त्यसका बारेमा पनि रोजगारादातालाई जानकारी गराउनुपर्छ र यी सबै कुराको लिखित रुपमा रेकर्ड राखिनुपर्छ। ईए र रोजगारदाता दुवै पक्षले एजेन्सी सेवा सम्झौताको प्रतिलिपि राख्नुपर्छ। यसका साथै पहिचान गरिएको विदेशी घरेलु सहयोगीको सबै विवरणका बारेमा दुवै पक्षले हस्ताक्षर गरेको कागजात पनि दुवै पक्षले रेकर्डका लागि आफूसँग राख्नुपर्छ।
- रोजगारदाताहरुलाई एसइसीको दफा 9 (ए) र कर्मचारी क्षतिपुर्ति अध्यादेश अन्तर्गतको विदेशी घरेलु सहयोगी बीमाबारे र उनीहरुको सम्भाव्य चिकित्सा खर्च समेट्नेबारे जानकारी र सम्झना गराउने।
- कुनै पनि किसिमका भुक्तानीका लागि रोजगारदाताहरूलाई रसिद उपलब्ध गराउनुहोस् र रेकर्डका लागि रसिदको प्रतिलिपि राख्नुहोस्।
- रोजगारदाताहरूलाई उनीहरुका विदेशी घरेलु सहयोगीहरूलाई छलफलमा समावेश गराउन प्रेरित गर्नुहोस्। विशेषगरी सम्बन्धित देशका वाणिज्य दूतावास र / वा हङकङ विशेष प्रशासनिक क्षेत्र (एचकेएसएआर) सरकार द्वारा आयोजित विदेशी घरेलु सहयोगीको रोजगार अधिकार सम्बन्धी कार्यक्रम तथा छलफलहरूमा।




## एक ईएको लाइसेन्स सम्बन्धित विषयमा, लाइसेन्सधारीले निम्न कुरा गर्नपर्छ

- इएको काम गर्ने विशिष्ट स्थानमा मान्य इए लाइसेन्स र रोजगार एजेन्सीका विनियमहरुका दोस्रो तालिकाहरु (अर्थात् रोजगार खोज्नेहरुसँग इएले लिनसक्ने अधिकतम कमिशन/शुल्क) स्पस्टसँग प्रदर्शनमा राख्नुहोस्।
- लाइसेन्सको मिति समाप्त हुनु कम्तिमा पनि दुई महिना अघि नै ईए लाइसेन्सको नवीकरणका लागि आवश्यक सबै सहयोग कागजातहरूका साथ एक आवेदन पेश गर्नुहोस्। अन्यथा लाइसेन्स समयमा नविकरण नहुन सक्छ।
- लाइसेन्स नवीकरणका लागि श्रम विभागलाई सही र पछिल्ला समयमा अद्याबधिक भएका जानकारी उपलब्ध गराउनुहोस् र कुनै परिवर्तन गरिएको भएमा निम्न लिखित समयसीमा भित्रै विभागलाई सुचित गराउनुहोस्। समयसीमाः 1. व्यवस्थापनमा कुनै पनि परिवर्तन भएमा 14 दिन भित्रमा 2. व्यवसायको स्थान/ठाउँ परिवर्तन गर्नुभन्दा कम्तिमा पनि 14 दिन अघि। 3. व्यापार समाप्तिको पछि सात दिन भित्रमा।


# रोजगार एजेन्सी (इएहरु)




## रोजगारदाताहरूसँग सम्झौता गर्दा इएका अनुमति पाएका (लाइसेन्सधारी) हरु र कर्मचारीहरूले निम्न कुरा गर्नुपर्छः


- रोजगारदाताले आफुलाई तिर्नपर्ने ऋण वा कमिशन/ मध्यस्थ शुल्क / प्रशिक्षण शुल्कका लागि विदेशी घरेलु सहयोगीको ज्यालाको गैरकानूनी कटौती गर्न वा उनीहरुलाई वैधानिक बिदा वा आराम बिदा नदिनका लागि रोजगारदातालाई उक्साउन वा प्रेरित गर्न इएलाई अनुमति छैन।
- विदेशी घरेलु सहयोगीको भिसा आवदेन गर्दा अरु कोहीसँग पनि (ज्याला, आवास व्यवस्था आदीका बारेमा) कुचक्र गरी गलत प्रतिनिधित्व गर्न अनुमति छैन। यो अध्यागमन अध्यादेशको विरूद्ध छ।
- कुनै विदेशी घरेलु सहयोगी हङकङमा काम गर्न आउनु अघि उनीहरुले काम गरेको देशको सम्बन्धित सरकार / वा संगठनले लगाएको खर्च तिर्ने जिम्मेवारी उक्त विदेशी घरेलु सहयोगीकै हो र खर्च उसैलाई तिराउनु भनेर रोजगारदातालाई उक्साउन वा सल्लाह दिन इएलाई अनुमति छैन।
- कुनै विदेशी घरेलु सहयोगीका बारेमा रोजगारदातालाई गलत वा भ्रामक जानकारी दिन अनुमति छैन।







## विदेशी घरेलु सहयोगीहरूसँग सम्झौता गर्दा इएका अनुमति पाएका (लाइसेन्स) हरु र कर्मचारीहरूले निम्न कुरा गर्नुपर्छः

- विदेशी घरेलु सहयोगीबाट पहिलो महिनाको ज्यालाको 10% भन्दा बढी कमिशन/शुल्क लिन अनुमति छैन।
- विदेशी घरेलु सहयोगीको पासपोर्ट, परिचय पत्र, बैंक एटीएम कार्ड / क्रेडिट कार्ड, रोजगारी सम्झौतापत्र, विदेशी घरेलु सहयोगीका बारेमा सम्बन्धित सरकार/वाणिज्य दूतावासले वितरण गरेका प्रकाशन तथा पुस्तिकाहरु, आदि जस्ता कुनै पनि व्यक्तिगत सम्पत्ति इएलाई राख्ने अनुमति छैन।
- निर्धारित कमिशन/शुल्कभन्दा बाहेक विदेशी घरेलु सहयोगीबाट कुनै पनि अतिरिक्त शुल्क, जस्तै फोटोकपी शुल्क, दर्ता शुल्क, फोटो खिचेको शुल्क र विदेशी घरेलु सहयोगीले गरेको आरक्षण शुल्कहरु लिन पाइने छैन। यसका साथै कमिसन पनि उसले पहिलो महिनाको ज्याला नपाउनु अघि लिन पाइने छैन। त्यस्तै विदेशी घरेलु सहयोगीको वित्तीय मामिलामा संलग्न हुन वा ऋण लिने व्यवस्था गरिदिन पाइने छैन।
- विदेशी घरेलु सहयोगीलाई कुनै पनि व्यवस्था उल्लंघन गर्न सहायता गर्न वा उक्साउन अनुमति छैन।
- विदेशी घरेलु सहयोगीलाई रोजगार सम्झौता समाप्त गर्न प्रोत्साहन गर्न वा लोभ्याउन अनुमति छैन।




## एक ईएको लाइसेन्स सम्बन्धित विषयमा, लाइसेन्सधारीले निम्न कुरा गर्नपर्छ

- उसको आफ्नो लाइसेन्स (अनुमति पत्र) अरू कसैलाई पनि सापट/उधारो दिन, स्थानान्तरण गर्न वा नियुक्त गर्न अनुमति छैन।
- लाइसेन्समा उल्लेखित ठेगाना भन्दा बाहरि अन्य कुनै पनि ठाउँमा ईए व्यवसाय सञ्चालन गर्न अनुमति छैन।
- लाइसेन्स पाउनु अघि वा अवस्थित लाइसेन्सको समाप्ति पछि नविकरण नहुन्जेलसम्म ईए व्यवसाय सञ्चालन गर्न अनुमति छैन।



# एफडीएच (विदशी घरेलु सहयोगी) हरूका रोजगारदाताहरु




## एफडीएचको रोजगारको अवधिमा दौरान, तपाईंलाई यी कुराहरू गर्न सल्लाह दिइन्छ

- तपाईंको आफ्नो विदशी घरेलु सहयोगीलाई दिइने कुनै पनि बिदा, ज्याला, हवाइ टिकट, आदि को लागि भएको सम्झौताको दुवै तर्फबाट हस्ताक्षर गरिएको लिखित रेकर्ड राख्नुहोस्।
- आफ्नो विदशी घरेलु सहयोगीका लागि उसको आफ्नो मूल ठाउँ देखि र त्यहाँसम्मको हवाइ टिकट पछि बदलामा वा एसइसीको समयावधी पूरा/ समापन भएपछि दिने भन्नुको साटो सिधै खरिद गर्नुहोस्।
- रोजगार अन्तर्गत चिकित्सा बीमासहितको व्यापक बीमा नीति र कर्मचारी क्षतिपुर्ति अध्यादेश र एसइसीमा आवश्यक अन्तर्गतको सुविधा आफ्नो विदशी घरेलु सहयोगीलाई उपलब्ध गराउनुहोस्।
- आफ्नो विदशी घरेलु सहयोगीलाई उसका सबै जिम्मेवारी बुझाउनुहोस् र आवश्यक भएमा र व्यवहारिक हुने ठाउँमा, कामको प्रक्रिया प्रदर्शन गर्नुहोस्।
- आफ्नो विदशी घरेलु सहयोगीसंग काम व्यवस्थाको सम्झौता गर्नुहोस् र उसलाई आराम गर्ने उपयुक्त समय दिनुहोस्।




- आफ्नो विदशी घरेलु सहयोगीसंग राम्रो संचार र सुरिलो सम्बन्धका साथै आपसी समझको विकास र आदर कायम गर्नुहोस्।



## रोजगार एजेन्सी (इए) सँग सम्झौता गर्दा, तपाईंलाई यी कुराहरू गर्न सल्लाह दिइन्छ

- एक लाइसेन्स ईएदेखि सेवा लिनुहोस्, र ईए सेवाको स्तर मानक र प्रतिष्ठाका बारेमा आफ्नो परिवार वा साथीहरूसँग सल्लाह लिनुहोस्।
- संलग्न सेवाहरू, कुनै विशिष्टिकृत शुल्क, विदेशी घरेलु सहयोगी नियुक्तिका साथै रकम फिर्ता नीति, एजेन्सीको विवरणबारे बुझेर र लिखित सम्झौता हस्ताक्षरबारे ईएसंग भुक्तान अघि नै कुराकानी र सहमति गरेर भएर आफूलाई सुरक्षित गर्नुहोस्। यदि विदेशी घरेलु सहयोगीको जानकारीहरूबाट उपयुक्त उम्मेदवार पहिचान गरिएको छ भने, उ काममा आउने अपेक्षित मिति, आदि बारेका जानकारी स्पष्टसँग सम्झौतामा उल्लेख गरिनुपर्छ।
- यदि इएले व्यापार विवरण अध्यादेश उल्लंघन गरेर अन्यायपूर्ण व्यापार अभ्यास गरेको जस्तो लाग्यो वा इएसँगको उपभोक्ता विवाद हल गर्न सहयोग आवश्यक परेमा भन्सार तथा उत्पादन शुल्क विभाग वा परिषदमा उजुरी दिनुहोस्।
- श्रम मुद्दाहरूका लागि श्रम विभागको परामर्श लिनुहोस् वा आवश्यक परेको खण्डमा सान्दर्भिक अधिकारीहरुबाट सहयोग लिनुहोस्।



# एफडीएच (विदशी घरेलु सहयोगी) हरूका रोजगारदाताहरु




## सबै समयमा, तपाइँले

- ईए र व्यक्तिहरू / संस्थाहरू द्वारा विदेशी घरेलु सहयोगीबाट लिने आयोग वा प्रशिक्षण शुल्क तिर्न वा आफ्नो विदेशी घरेलु सहयोगीका कारण परेको ऋण तिर्नका लागि आफ्नो विदेशी घरेलु सहयोगीको ज्यालामा कटौती नगर्नुहोस्।



- आफ्नो विदेशी घरेलु सहयोगी कुनै पनि किसिमका अवैध कार्यहरू मार्फत कुनै पनि विवाद समाधान गर्नु हुँदैन।



- तपाईंको विदेशी घरेलु सहयोगीको व्यक्तिगत सम्पत्ति (जस्तै उसको पासपोर्ट / पहिचान कार्ड, बैंकको स्वचालित पारंगत मेसिन / क्रेडिट कार्ड, रोजगार सम्झौताका साथै विदेशी घरेलु सहयोगीका लागि भएका सरकारी प्रकाशनहरू र पुस्तिका) तँपाइले लिन हुँदैन। अन्यथा, तपाईं एक आपराधिकक क्रियाकलाप गरेकोमा दर्ता हुन सक्नुहुनेछ।
- घरेलू सहयोगीहरूका रूपमा गैर-स्थानीय आगन्तुकहरूलाई नियुक्त गर्न, अन्य मानिसहरूका विदेशी घरेलु सहयोगीहरुलाई आंशिक वा पूरा समयका लागि भाडामा लिन अनुरोध गर्न, वा आफ्नो विदेशी घरेलु सहयोगीलाई एसइसीमा निर्दिष्ट भएका बाहेकका गैर-घरेलू कामकर्तव्य प्रदर्शन गर्न लगाउनु हुँदैन। यसो भएमा यो अध्यागमन अध्यादेशको उल्लंघन गरिएको बुझिनेछ।

